# ९ ख्रीष्ट, व्यवस्था वा दश आज्ञा र सुसमाचार

*यस अध्यायका मूल पदहरू:* रोमी ७:७१२, व्यवस्था ३०:१५२०, मत्ती ७:२४२७, प्रेरित १०:३४,३५, यूहन्ना १५:१० र एफिसी २:१

*स्मरण गर्नुपर्ने पद:* "मोशाले हामीलाई व्यवस्था दिनुभयो। अनुग्रह र सत्यचाहिँ येशू ख्रीष्टले हामीलाई दिनुभयो।" (यूहन्ना १:१७ रूपान्तरित)।

**येशू ख्रीष्ट यस संसारमा मानव चोला लिएर आउनु भन्दा सय वर्ष पहिले रोमको कवि लुक्रितिअसले एउटा प्रख्यात कविता रचेका थिए।** त्यो कविता इतिहासमा हराइएको थियो तर मध्यकालिन युगमा भेट्टाइएको थियो। त्यो कविताको शिर्षक थियो "वस्तुहरूको स्वभाव।" प्रायजसो लुक्रितियसलाई नास्तिक भनेर आरोप लगाइन्थ्यो। तर देवीदेवताहरूको अस्तित्वबारे आफ्नो कवितामा उनले अश्वीकार गरेको थिएनन्। तर तिनीहरू देवीदेवताहरू भएकै कारणले ती देवीदेवताहरू मानव जीवनसँग कुनै सरोकार राख्दैनन् भनेर आफ्नो कवितामा उनले तर्क गरेका थिए।

तर परमेश्वर एक मात्र हुनुहुन्छ भनेर बाइबलले जिकिर गर्दछ। र यस संसारमा के भइरहेको छ त्यसप्रति उहाँ अत्यन्त चासो राख्नुहुन्छ। उहाँ मानिसहरूप्रति कतिको चासो राख्नुहुन्छ भन्ने दुई प्रमाणहरू उहाँको व्यवस्था वा दश आज्ञा र अनुग्रहले दिँदछ। हामी कसरी जीउनु पर्छ भनेर उहाँको व्यवस्था वा दश आज्ञाले अगुवाई गर्छ। (मानव समाज परमेश्वरको विधिको शासनमा चलोस् भन्ने उहाँ चाहनुहुन्छ)। हामीहरूको कमिकमजोरीले गर्दा उहाँको विधिको शासनमा चल्न नसक्दा वा उहाँका आज्ञाहरू भङ्ग गर्‍यौं भने उहाँले हामीलाई उहाँको अनुग्रहद्वारा हामीसँग कारोबार गर्नुहुन्छ। झट्ट हेर्दा दश आज्ञा वा व्यवस्था र अनुग्रह एक आपसमा बाँझिएको जस्तो देखिन्छ। तर दुईको बीच एक आपसमा सधैं घनिष्ट सम्बन्ध भएको हुन्छ। तिनीहरूको उपयोग गर्ने तरिका फरक हुनसक्छ। पापमाथि धार्मिकता वा पवित्रताले विजय पाउनै पर्छ भनेर ती दुई एक आपसमा

मिलेर देखाउँदछ। परमेश्वरले मानिसहरूलाई कत्तिको प्रेम गर्नुहुन्छ र उहाँको अनन्तको राज्यमा सबै जना पसियोस भन्ने उहाँको प्रबल चाहना उहाँको व्यवस्था र अनुग्रहले प्रभावकारी रूपमा प्रमाणित गर्दछ।

## १. पाप र परमेश्वरको व्यवस्था वा दश आज्ञा (रोमी ७:७१२)

**कतिपय इसाईहरूले परमेश्वरको दश आज्ञा वा व्यवस्था पापी छन् भनेर त्यसलाई आफ्नो विद्याबाट पन्छाउन खोज्छन्। तर पावलले पाप र व्यवस्थाको बीचमा के सम्बन्ध छ भनेर स्पष्ट रूपमा रोमी ७:७-१२मा खुलाएका छन्। हेर्नुहोस् "७ हामीले के भन्ने त? व्यवस्था पाप हो? कदापि होइन! यदि व्यवस्था नभए मैले पाप थाहा पाउनेथिइनँ, किनकि "तैंले लोभ नगर्" भनी व्यवस्थाले नभनेको भए लोभ गर्नु के हो सो थाहा पाउनेथिइनँ। ८ तर पापले आज्ञामा मौका पाएर ममा सबै किसिमका लोभ उत्पन्न गरायो। व्यवस्थाविना त पाप मुर्दातुल्य हो। ९ व्यवस्थाविना रहँदा एक पल्ट म जीवित थिएँ, तर आज्ञा आएपछि पाप जागिउठ्यो, र मचाहिँ मरें। १० जीवनको प्रतिज्ञा दिने त्यही आज्ञाले मेरो निम्ति मृत्यु ल्यायो। ११ किनकि पापले आज्ञाद्वारा मौका पाएर मलाई छल्यो, र त्यसैद्वारा मलाई मार्‍यो। १२ व्यवस्था पवित्र छ, र आज्ञा पवित्र, न्यायसङ्गत र असल छ।"**

पावलले दश आज्ञा र पापसँग यस्तरी नजिकको सम्बन्ध गाँसिदिएको छन् उनले यही प्रश्न गर्दछन्, "के आज्ञा वा व्यवस्था पाप हो त?" "कदापी होइन" भनेर पावलले जिकिर गर्दछन्। आफ्नो निश्कर्षमा उनले भन्दछन् "व्यवस्था पवित्र छ। आज्ञा पनि पवित्र, ठीक र असल छन्।" (रूपान्तरित)। त्यसरी उनले आफ्नो तर्कको बलियो पक्षलाई औँल्याउँछन्। त्यो तर्क हो, परमेश्वरको व्यवस्था वा दश आज्ञा पापी होइन। बरू त्यो साँच्चिकै पवित्र र असल छ।

अपराधी औँल्याउने कानून र अपराधको बीचमा कस्तो सम्बन्ध छ भनेर पावलले औँल्याउन खोजेको हामी पाउँछौं। यदि कानूनै छैन भने अपराध अपराध हो भनेर कसरी थाहा पाउने? अपराधलाई अपराध भनेर औँल्याउन कानून चाहिन्छ। कुनै एउटा काम गरेर तपाईं एउटा देशमा झ्यालखानामा पर्न सक्नुहुन्छ भने त्यही काम अरू देशमा वैध हुनसक्छ। किन? एउटा देशको कानूनले एउटा काम गर्न अनुमति दिँदैन भने अर्को देशले त्यही काम गर्न इजाजत दिएको हुन्छ। काम

एउटै हो तर त्यसको नतिजा फरक हुन्छ। के ले फरक पार्छ त? देशको कानूनले।

अर्को एउटा सोचनिय विषय छ। त्यो हो मानिसले कुनै नियम कानून बनायो भन्दैमा त्यो उत्तम छ भन्नु छैन। एक ताका अमेरिकामा यस्तो नियमकानून थियो, जो दास आफ्नो मालिकबाट भागेर जान्छ त्यसलाई आफ्नै मालिककहाँ फर्काउनु पर्छ। त्यस दासलाई के गर्ने भन्ने अधिकार त्यस मालिकको थियो। त्यो कानून देशकै कानून थियो। तर त्यो न्यायोचित कानून थिएन। त्यस्ता खालका मानिसका कानूनहरू परमेश्वरको व्यवस्थासँग बाँझिन सक्छ। परमेश्वरको पवित्र र प्रेमिलो चरित्रलाई उहाँको व्यवस्थाले औंल्याउँछ भन्ने कुरा हामीलाई थाहा छ। त्यसै कारण परमेश्वरको दश आज्ञा वा व्यवस्था पवित्र र असल छन् भनेर पावलले ठोकुवा गर्दछन्। अझ अरू के होला त? त्यो व्यवस्थाको सृष्टिकर्ता परमेश्वर आफै हुनुहुन्छ।

**दश आज्ञामै लिखित "तिमीले चोरी नगर्नु" भन्ने व्यवस्थाको एक भागलाई पावलले उद्‍धृत गरेर उनले रोमी ७:७मा के प्रमाणित गर्न खोजेको हो?**

बाइबलमा धेरै व्यवस्थाहरू छन्। ती व्यवस्थाहरूमा पनि नचोर्नु, हत्या नगर्नु भनिएको छ। तर दश आज्ञामा जस्तो स्पष्ट रूपमा अरू व्यवस्थाहरूमा नहोला। तर यो पनि रोचकपूर्ण छ कि चोर्नुहुन्न, मार्नुहुन्न जस्ता आज्ञाहरू जान्न मानिसहरूलाई दश आज्ञा नै चाहिन्छ भन्ने छैन। तर अरूको लालच गर्नु पाप हो भनेर थाहा पाउन दश आज्ञाकै आवश्यकता हुन सक्छ। त्यसकारण पापको परिभाषा थाहा पाउन दश आज्ञा कतिको आवश्यक रहेछ भनेर पावलले हामीलाई स्पष्ट रूपमा जानकारी दिन चाहेको देखिन्छ। दश आज्ञाले नऔंल्याएको भए लालच गर्नु गलत हो भन्ने कुरा पावललाई थाहा हुने थिएन।

## २. व्यवस्था वा दश आज्ञा र इस्राएल वा यहूदीहरू (व्यवस्था ३०:१५-१८)

**परमेश्वरले** इस्राएली अर्थात् यहूदीहरूलाई व्यवस्था वा दश आज्ञा विषेश परिस्थितिमा दिनुभएको थियो। साथै त्यस जातिलाई दिनुभएको त्यो आज्ञा उहाँको विशेष काम थियो। आफ्नो हातले कुँदिएर दिनुभएको दश आज्ञा भन्दा पहिले यहूदीहरूलाई परमेश्वरले

सम्झाउनुभएको थियो "तिमीहरू राजकिय पुजारी खान्दान हौ। मलाई सेवा गर्न तिमीहरू चुनिएका हौ। तिमीहरू मेरो पवित्र राष्ट्र हुनेछौ।" (प्रस्थान १९:६ रूपान्तरित)। संसारमा धेरै राष्ट्रहरू थिए। तर इस्राएलीहरूलाई मात्र विशेष गरेर उहाँको व्यवस्था दिनुभएको थियो (रोमी ९:४)। व्यवस्था मानिसहरूलाई बोझको रूपमा दिनुभएको थिएन तर औजारको रूपमा दिनुभएको थियो। दश आज्ञा वा विधिको शासन अर्थात् त्यस आचारसंहिता परमेश्वरको राज्यको जग हो भनेर सारा राष्ट्रहरूलाई थाहा दिउन् भनेर परमेश्वरले इस्राएललाई चुन्नुभएको थियो। सारा संसारलाई सुसमचार सुनाउन परमेश्वरसँग सहभागी बनाउन इस्राएलीहरूलाई आफ्नो साथमा लिनुभएको थियो। अनि परमेश्वरको प्रेमको सन्देश सुनाउन उहाँले आफ्ना सेवकहरूलाई खटाउनुभएको छ भनेर तिनीहरूलाई दश आज्ञाको दर्जानी चिन्ह दिनुभएको थियो।

व्यवस्था र अब्राहम, इसाहक र याकूबलाई दिनुभएको प्रतिज्ञाहरूको बीचमा के सम्बन्ध छ भनेर व्यवस्था ३०:१५-२०मा यसरी देखाएको छ "हेर, आज मैले तिमीहरूका अगि जीवन र वृद्धि, अनि मृत्यु र नाश राखेको छु। १६ परमप्रभु तिमीहरूका परमेश्वरलाई प्रेम गर्न, उहाँका मार्गमा हिंड्न, उहाँका आज्ञा, विधि र नियमहरू पालन गर्न म आज तिमीहरूलाई आदेश दिंदछु। तब मात्र तिमीहरू जिउनेछौ, तिमीहरूको वृद्धि हुनेछ, र तिमीहरूले अधिकार गर्न लागेका देशमा परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई आशिष् दिनुहुनेछ। १७ तर तिमीहरूका हृदय बरालिएर तिमीहरू अटेरी भयौ र अन्य देवताहरूप्रति आकर्षित भएर तिनीहरूलाई पुज्न र सेवा गर्न लाग्यौ भने, १८ तिमीहरू निश्चय नै नष्ट हुनेछौ भनी म आज घोषणा गर्दछु, र यर्दन पारि अधिकार गर्न जान लागेको देशमा तिमीहरू धेरै दिन बाँच्नेछैनौ। १९ आज म स्वर्ग र पृथ्वीलाई तिमीहरूका विरुद्धमा साक्षी राख्तछु, कि मैले तिमीहरूका अगि जीवन र मृत्यु, आशिष् र श्राप राखेको छु। अब जीवन नै रोज, ताकि तिमीहरू र तिमीहरूका बालबच्चाहरू जिउन सक, २० र परमप्रभु तिमीहरूका परमेश्वरलाई प्रेम गर्दै, उहाँका आज्ञा मान्दै र उहाँसँगै लीन बन्दै बाँचिरहो। किनकि परमप्रभु नै तिमीहरूको जीवन हुनुहुन्छ, र तिमीहरूका पुर्खा अब्राहाम, इसहाक र याकूबसित उहाँले

दिन्छु भनी शपथ खानुभएको देशमा उहाँले तिमीहरूलाई दीर्घायु बनाउनुहुनेछ।"

हामी कसरी जीउने भनेर परमेश्वरले दिनुभएको ती नीति नियमहरू के नयाँ करारमा निकम्मा भयो त? यदि भएन भने नयाँ करारमा पनि विधिका ती नियमहरू कतिको महत्त्व दिएका रहेछन् भनेर बुझ्ने? हेर्नुहोस् मत्ती ७:२४-२७ "“यसकारण जसले मेरा यी वचन सुन्छ र पालन गर्छ, म एउटा बुद्धिमान् मानिससँग त्यसको तुलना गर्छु, जसले आफ्नो घर चट्टानमाथि बनायो। २५ अनि पानी पर्‍यो, र बाढ़ी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो, र पनि त्यो घर ढलेन। किनकि त्यो चट्टानमाथि बसालिएको थियो। २६ जसले मेरा यी वचन सुनेर पनि पालन गर्दैन, त्यसको तुलना एउटा मूर्ख मानिससँग गरिन्छ, जसले आफ्नो घर बालुवामाथि बनायो। २७ पानी पर्‍यो, र बाढ़ी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो, र त्यो घर ढल्यो, अनि त्यसको ठूलो विनाश भयो।"

यस संसारमा भएका विभिन्न राष्ट्र र जातिहरूको बीचमा परमेश्वरको प्रतिनिधित्व गर्न उहाँले इस्राएल वा यहूदीहरूलाई चुन्नु भएको थियो। अब्राहम, इसहाक र याकूबलाई दिइएका आशिष तथा प्रतिज्ञाहरू संसारका सबै राष्ट्रका मानिसहरूले पनि उपभोग गराउन दिने जिम्मा इस्राएललाई दिइएको थियो। तर यहूदी जाति भयो भन्दैमा परमेश्वरका आशिषहरू स्वःत बहन्दैनथ्यो। चुनिएको राष्ट्र भएको कारणले इस्राएलले परमेश्वरको सदिच्छा हृदयदेखि पालन गरुन् भन्ने उहाँले अपेक्षा गर्नुभएको थियो। परमेश्वरका "आदेश, नीतिनियम र व्यवस्थाहरू" पालन गरियो भने मात्र जीवन र सफलता प्राप्त हुन्छ भन्ने कुरा जानुन् भनेर मोशाले स्पष्ट पारेका थिए (व्यवस्था ३०:१५,१६ रूपान्तरित)।

तर अभाग्यबस इस्राएल वा त्यस यहूदी जातका मानिसहरू परमेश्वरबाट बागी भएर उहाँको चाहनालाई तहसनहस पारेका थिए भन्ने धेरै घट्नाहरूले इस्राएलको इतिहास ढाकिएको हामी पाउँछौं। राष्ट्रको रूपमा परमेश्वरका आदेशहरू पालन गर्न इस्राएल असफल भएको थियो। तर हामीले यो कहिल्यै पनि बिर्सनुहुन्न कि "प्रत्येक मानिसले पाप गरेको छ। कोही मानिस पनि परमेश्वरको महिमित स्तरमा

आफूलाई पुऱ्याउन सक्दैन।" (रोमी ३:२३ रूपान्तरित)। यस संसारका कुनै पनि राष्ट्र वा राष्ट्रका मानिसहरूले परमेश्वरको सदिच्छालाई निश्चल व सिद्धरूपमा पालन गरेको छैन। आधुनिक इसाई भनेर दावी गर्ने  राष्ट्रहरूले पनि परमेश्वरको नीतिनिर्देशनमा हिंड्न भएका छन्। विश्वमा विभिन्न युद्ध छेड्न र मानिसहरूलाई अनेकौं कष्ट दिएर बाँच्न बाध्य गराउनेहरूमा ती इसाई भनेर दावी गर्ने देशहरू नै अग्रपन्थीमा भएको पाइन्छ। त्यस परिवेशमा के ती राष्टहरूलाई इसाई राष्ट्र भन्न सुहाउँछ त?

परमेश्वरमाथिको अगाध आस्था र उहाँको नीतिमा हिंड्नुको बीचमा के सम्बन्ध रहेछ भनेर तपाईंको आफ्नै अनुभवमा के भेट्टाउनु भएको छ? तपाईंले परमेश्वरको वचन पालन गर्दा तपाईंको आस्था कस्तो भएको अनुभव गर्नुभएको छ? अर्थात् पालन नगर्दा परमेश्वरमाथि निष्ठावान हुन कसरी धक्का पुऱ्याइएको

**अनुभव गर्नुभएको छ? परमेश्वरको अर्थात् येशूनीतिमा हिंड्दा तपाईंको विश्वास बलियो भएको के तपाईंले अनुभव गर्नुभएको छ?**

## ३. परमेश्वरको विधिको शासन र राष्ट्रहरू (प्रेरित १०:३४,३५)

**देहाएका पदहरूमा यस्तो विद्या सिकाएको छ कि पाठक बृन्धहरू आफै सोच्नहोस्: प्रेरित १०:३४,३५ " तब पत्रुसले बोल्न थाले, "साँच्ची नै म देख्तछु, कि परमेश्वरले पक्षपात गर्नुहुन्न, ३५ तर हरेक जातिमा जो उहासँग डराउँछ, र उचित काम गर्छ, त्यो उहाँको सामुन्ने ग्रहणयोग्य हुन।", रोमी १:१८-२३ " परमेश्वरको क्रोध ती मानिसहरूका सारा भक्तिहीनता र दुष्टताको विरुद्ध स्वर्गबाट प्रकट भएको छ, जसले सत्यलाई तिनीहरूका अधर्मले दबाइराखेका छन्। १९ परमेश्वरको विषयमा जान्न सकिने कुरा तिनीहरूमा प्रष्टै छ, किनकि परमेश्वरले तिनीहरूलाई त्यो कुरा देखाइदिनुभएको छ। २० उहाँको अदृश्य गुण, अर्थात् उहाँको अनन्त शक्ति र ईश्वरीय स्वभाव संसारको सृष्टिदेखि नै बनाइएका थोकहरूमा छर्लङ्ग देखिएको छ। यसैले यिनीहरूलाई कुनै किसिमको बहाना छैन। २१ किनकि परमेश्वरलाई चिनेर पनि तिनीहरूले परमेश्वरलाई दिनुपर्ने महिमा दिएनन्, न त धन्यवाद नै चढ़ाए, तर तिनीहरू आफ्ना विचारमा बेकम्मा भए, र तिनीहरूको मूर्ख मन अझ अँध्यारो भयो। २२ बुद्धिमान् छु भन्ने दाबी**

गरे तापनि तिनीहरू मूर्खै भए, २३ र तिनीहरूले विनाशी मानिस, चराचुरुङ्गी, चारखुट्टे जनावर र घस्रने जीवहरूका मूर्तिका रूपसँग अविनाशी परमेश्वरको महिमा साटफेर गरे।" र रोमी २:१२-१६ " सबै जसले व्यवस्थाविना पाप गरेका छन्, तिनीहरू व्यवस्थाविना नै नष्ट पनि हुनेछन्, र व्यवस्थामुनि रहेर पनि पाप गर्नेहरूको इन्साफ व्यवस्थाद्वारा नै हुनेछ। १३ किनकि व्यवस्था सुन्नेहरू परमेश्वरको सामुन्ने धर्मी ठहरिँदैनन्, तर व्यवस्था पालन गर्नेहरू धर्मी ठहरिनेछन्। १४ किनकि व्यवस्था नहुने अन्यजातिहरू स्वाभावैले व्यवस्थाअनुसारका काम गर्दछन् भने, तिनीहरूको व्यवस्था नभए तापनि तिनीहरू आफ्ना निम्ति आफै व्यवस्था हुन्छन्। १५ व्यवस्थाले चाहेका कुराहरू आफ्ना हृदयमा लेखिएका तिनीहरू देखाउँछन्, र तिनीहरूको आफ्नै विवेकले पनि गवाही दिन्छ, र तिनीहरूका विचारहरूले कहिले तिनीहरूलाई दोष्याउँछन्, र कहिले समर्थन गर्छन्। १६ यो त्यस दिन हुनेछ जब परमेश्वरले मैले प्रचार गरेको सुसमाचारअनुसार येशू ख्रीष्टद्वारा मानिसहरूका गुप्त कुराको इन्साफ गर्नुहुनेछ।"

परमेश्वरको परमआदेश पाएर चल्न चुनिएका इस्राएल राष्ट्रले उहाँको सदिच्छा अनुसार नचल्दा भुल गरेको थियो। तर इस्राएललाई दिएका व्यवस्था वा नीति निर्देशनहरू अरू राष्ट्रहरूले नपाएतापनि परमेश्वरले तिनीहरूलाई आफ्नो स्वभाव प्रकट गर्न पछि पर्नुभएको थिएन। यहूदी जातिहरूले जस्तो परमेश्वरका नीतिनियमहरू लिखित रूपमा पाउन अवसर नभएतापनि प्रकृतिद्वारा परमेश्वरका सन्देशहरू तिनीहरूले पाएका थिए (रोमी १:२०)। परमेश्वरतिर झुकाव राख्न उहाँले प्रकृतिको पुस्तक खुला राख्नुभएको छ। त्यस पुस्तकमा यथेष्ट प्रमाणहरू छन् जसले मानिसलाई परमेश्वरतिर डोऱ्याउन सक्छ।

प्रत्येक मानिस शारीरिक र मानसिक भाँडो हो भन्ने कुरामा कसैको दुईमत छैन। तर परमेश्वरले प्रत्येकलाई आत्मिक भाँडो पनि दिनुभएको छ। अर्थात प्रत्येक व्यक्तिको हृदयमा अध्यात्मिक चाहना राखिदिनुभएको छ। जो मानिस परमेश्वरको आत्माप्रति संवेदनशील हुन्छ त्यसले उहाँको खोजीमा लाग्छ भनेर पावलले जिकिर गर्दछन् (प्रेरित १७:२७)। तर कतिपय मानिसहरू सबै थोक भएतापनि आफ्नो जीवनमा केही न केही अभाव भएको महशूस गर्दछन्। आफ्नो जीवन

शुन्य भएको तिनीहरू ठान्दछन्। संसारले दिने लोकप्रियता, भाऊ, धनसम्पत्ति, शारीरिक अभिलाषा आदि कुनैले पनि मानिसको अध्यात्मिक जीवनलाई सन्तुष्ट पार्न सक्दैन। यही कुरालाई आत्मसात् गर्दै राजा सोलोमनले उपदेशकको पुस्तक लेखेका थिए। यदि मानिसले आफूमा भएको अभाव र शुन्यतालाई पहिचान गर्न सकियो भने त्यसले त्यस मानिसलाई अध्यात्मिक मार्ग खोज्न अग्रसर गराउन सक्छ। आफूमा भएको शुन्य जीवनलाई संतुष्ट पार्ने चाहना नै उसलाई सत्यतिर जान आकर्षित गरिएको हो भनेर उसले बुझ्नुपर्छ।

परमेश्वरको इच्छा अनुसार चल्नु भनेको केहो भनेर जान्न चाहे मानिसले बाइबल वा प्रकृतिको पुस्तकलाई मार्गनिर्देशकको रूपमा लिनुपर्दछ। तर जसले परमेश्वरको चाहनालाई बुझ्न त्यो मानिस आफूले पाएको सत्य अनुसार जीउन अपेक्षा गरिएको हुन्छ। जोसुकैले पनि सत्य बोल्यो भन्दैमा त्यो असत्य हुन सक्दैन। जो मानिस जानाजानी सत्यलाई दवाउन खोज्छ वा ढाक्न खोज्छ त्यसले परमेश्वरको क्रोधको सामना गर्नु पर्नेछ (रोमी १:१८)। विश्वका कतिपय राष्ट्र र मानिसहरूले बाइबल पाएको छैन न त दश आज्ञाको ज्ञाननै तिनीहरूमा छ। तर आँशिक रूपमा पाएको सत्यलाई पनि तिनीहरूले वेवास्ता गरे परमेश्वरले तिनीहरूको लेखा राख्नुहुन्छ र त्यस अलिकतिमात्र पाएको सत्य आत्मिक ज्ञान भएतापनि उसले पाएको सत्यप्रति गैरजिम्मेवारी हुनेलाई उहाँले छोड्नुहुन्न। परमेश्वरको सामु न्यायको समयमा प्रत्येक मानिस उभिनुपर्नेछ। न्यायको समयमा मानिसहरू कुन् नीतिमा हिंडेको छ कि छैन भन्ने चिनाउने नीति नै परमेश्वरको व्यवस्था हो। त्यो व्यवस्था परमेश्वरले आफ्नो अगमवक्ता व विषेश सन्देशवाहक मोशालाई लिखित रूपमा दिनुभएको व्यवस्था वा दश आज्ञा हो। तर लिखित रूपमा परमेश्वरको व्यवस्था थाहा नपाउनेले पनि आफ्नो विवेकको नीति वा व्यवस्था उसको पक्ष वा विपक्षमा उभिने छ। प्रत्येक मानिसले प्रकृतिको आवाज सुनेर भएपनि आफ्नो चेतना वा विवेकमा आफू कुन् नीतिले हिंड्नुपर्छ भनेर जान्न सक्दछ।

**संसारमा पाइएको मान, सम्मान्, धनसम्पत्ति, यश आदिले आफूलाई परमानन्द दिन सक्दैन किनभने तिनीहरू भरपर्दो छैन र सन्तुष्ट**

**पार्ने औजार होइन भनेर के तपाईंले यसै जीवनमा अनुभव गर्नुभएको छ? संसारमा पाउने तत्वहरू निराशमय छ भन्ने आत्मज्ञान तपाईंले पाउनुभयो भने तपाईंको जीवनको निम्ति के महत्त्वपूर्ण र अमूल्य रहेछ भनेर के तपाईंले सिक्नुभएको छ?**

## ४. अनुग्रह र सत्य (यूहन्ना १:१७)

यूहन्नाले मुक्तिको सारा इतिहासलाई संक्षेप्तमा यसरी सार निकालेका छन्: "मोशाको हातबाट व्यवस्था आइयो। हामीलाई अनुग्रह र सत्यचाहिँ येशू ख्रीष्टले दिनुभयो।" (यूहन्ना १:१७ रूपान्तरित)। आदमको पापको कारण सम्पूर्ण मानव प्राणी मृत्युमा परेको थियो। येशू ख्रीष्ट बाहेक कोही पनि मानव प्राणी पापको सजायँबाट स्वतन्त्र छैन। त्यसकारण परमेश्वरले एक जातिलाई आफ्नो व्यवस्था वा दश आज्ञा दिन चुन्नुभएको थियो। यहूदी वा इस्राएलले त्यस आज्ञालाई शिरोपर गरेर विश्वका सारा राष्ट्रहरूसामु ज्योति भएर चम्कियोस भनेर अपेक्षा गर्नुभएको थियो। मुक्ति दिनलाई परमेश्वरले आफ्नो व्यवस्था इस्राएललाई दिनुभएको थिएन तर तिनीहरूलाई पनि परमेश्वरको धार्मिकताको आवश्यक छ भनेर सम्झाउन दिनुभएको थियो।

**यस संसारमा मानव चोला लिएर येशू आउनुहुँदा उहाँ कस्तो खालको जीवन बिताउनु भएको थियो भनेर देहायका पदहरूले कसरी प्रस्तुत गरेका छन्? हेर्नुहोस्: फिलिप्पी २:८ "स्वरूपमा मानिसजस्तै भएर आफैलाई होच्याउनुभयो, र मृत्युसम्मै, अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो।"**, यूहन्ना १५:१० "यदि मेरा आज्ञाहरू पालन गर्‍यौ भने तिमीहरू मेरो प्रेममा रहनेछौ, जसरी मैले मेरा पिताका आज्ञाहरू पालन गरेको छु र उहाँको प्रेममा रहन्छु।" र मत्ती २६:३९ "अनि उहाँले अलि अगाडि गएर लम्पसार परी प्रार्थना गर्नुभयो, "हे मेरा पिता, हुन सक्छ भने, यो कचौरा मबाट हटोस्। तरै पनि मैले इच्छा गरेबमोजिम होइन, तर तपाईंले इच्छा गर्नुभएबमोजिम होस्।"

पहिलो आदमले परमेश्वरको आज्ञालाई मानेनन्। उसकै कारणले सारा पृथ्वी अन्यौलता र पापको दासत्वमा परको थियो। तर येशू दोस्रो आदम भएर आउनुभयो। उहाँले परमेश्वरको आज्ञालाई मान्नुभएको कारणले पहिलो आदमले ल्याएको पापको दासत्वबाट उद्धार गर्नुभयो। जब यस संसारमा येशू हिँड्नुभयो तब उहाँले आफ्नो

चाहनालाई परमेश्वर पिताको चाहनासँग सम्मिलित गराउनुभयो र पाप नगर्न रोज्नुभयो। पहिलो आदमले यस संसारमाथि पापको दोष थुपारिदिए। तर दोस्रो आदम येशूले अनुग्रह र सत्यलाई ल्याउनुभयो। तर अनुग्रह र सत्यले परमेश्वरको व्यवस्था वा दश आज्ञालाई साट्नुभएन। तर व्यवस्थालाई मात्र अक्षरस पालन गरेर मानिसले मोक्ष पाउँन यथेष्ठ छैन भनेर येशूले देखाउनुभएको थियो। जुन सत्य येशूले ल्याउनुभयो त्यस सत्यले परमेश्वरको अनुग्रहलाई अझ पूर्ण रूपमा बुझाइएको थियो।

**मानिसलाई येशूले अनुग्रह कसरी दिनुभयो र उहाँबाट सुरूभएको अनुग्रहको स्वभाव कस्तो थियो भनेर देहायका पदहरूले देखाएको पढ्नुहोस्ः रोमी ६ः२३,२४ "परमेश्वर पिता र प्रभु येशू ख्रीष्टबाट दाजुभाइहरूलाई शान्ति र विश्वाससहितको प्रेम! २४ हाम्रा प्रभु येशू ख्रीष्टलाई अमर प्रेम गर्नेहरू सबैसँग अनुग्रह रहो।" र एफिसी २ः८,९ "किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ। र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो। ९ कर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ।"**

ग्रीक वा युनानी भाषामा "अनुग्रह" (CHARIS च्यारिस) भनेर अनुवाद गरिएकोमा त्यसलाई "वरदान" भनेर पनि अनुवाद गर्न सकिन्छ। अनुग्रह आनन्द (CHARA चारा)सँग सम्बन्धित छ। जुब वरदान येशूले सबै मानिसहरूलाई दिनुहुन्छ त्यो वरदान हो अनन्त जीवन। त्यसमा अनुग्रह थप्दा हामी येशूको उपस्थिति भएको देखाउँछ। उहाँको उपस्थितिले व्यवस्थाको धर्मी हुने मागलाई सघाउँछ। येशूले आफ्नो जीवनमा पापमाथि विजय प्राप्त गर्नुभएकोले परमेश्वरको दश आज्ञाले माग गरेको प्रत्येक आवश्यकतालाई पूरा गर्न हामीलाई सक्षम् बनाउनु भएको छ भनेर पावलले जिकिर गर्दछन् (रोमी ८ः४ रूपान्तरित)। अनुग्रहले हामीलाई व्यवस्था पालन नगर्दा पाउने पापको श्रापबाट स्वतन्त्र दिन्छ र परमेश्वरले अपेक्षा गर्नुभएको अनुसार व्यवस्थालाई आत्मसात् गर्न सहायता गर्दछ।

## ५. दश आज्ञा वा व्यवस्था र सुसमाचार (रोमी १:१६,१७)

हामी जस्तोसुकै असल, भलादमी वा धर्मी भएतापनि पापबाट हामी उम्कन सक्दैनौं। अभाग्यवस हामीहरूको आनन्द र सुखमय जीवन बिमार, मृत्यु र दुर्घटनाले क्षतविक्षत पारिदिन्छ। हामी मध्ये कतिपयले आत्मिक रूपमा सुरक्षित छौं भनेर अनुभव गरेतापनि विगतका पापहरूको सम्झनाले गर्दा त्यस अनुभवलाई चुनौती दिएको पाउँछौं। अझ त्यो भन्दा कडा समस्या त हामीहरूको मनले फेरि पाप गर्न उक्साउन सक्छ।

**पापको प्रभाव कस्तो हुँदोरहेछ भनेर देहायका पदहरूले कसरी वाख्या गरेको छ हेर्नुहोस्: रोमी ६:२३ "किनकि पापको ज्याला मृत्यु हो, तर परमेश्वरको सित्तैंको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो।", रोमी ७:२१-२५ "एउटा नियमले काम गरेको म पाउँछु। जब म भलो गर्न चाहन्छु, तब दुष्टतालाई मेरो नजिकै उपस्थित पाउँछु। २२ किनकि म मेरो अन्तस्करणमा परमेश्वरको व्यवस्थामा आनन्दित हुन्छु, २३ तर मेरा अङ्गहरूमा अर्को नियमले मेरो मनमा रहेको नियमसँग युद्ध गर्दछु, र मेरा अङ्गहरूमा वास गर्ने पापको नियमले मलाई बन्धनमा पार्दछ। २४ हाय, म कस्तो दुःखी मानिस! यस मृत्युको शरीरबाट मलाई कसले छुटाउला? २५ येशू ख्रीष्ट हाम्रा प्रभुद्वारा नै परमेश्वरलाई धन्यवाद होस्। त्यसैले म स्वयम् आफ्नो मनले त परमेश्वरका व्यवस्थाको सेवा गर्दछु, तर मेरो पापमय स्वभावद्वारा चाहिं म पापका व्यवस्थाको सेवा गर्छु।" र एफिसी २:१ " तिमीहरू आफ्ना अपराध र पापहरूद्वारा मरेको बेलामा उहाँले तिमीहरूलाई जीवित पार्नुभयो।"**

पाप गर्दै बाँचिरहेको मानिस यथार्थमा हिंडिरहेको मुर्दा हो। पापलाई मोह गर्दै बाँचिरहेको मानिसले कहिले मर्ला भनेर मृत्युको पर्खाईमा हतारिरहेको हुन्छ। मानिसहरूको अवस्थालाई निचोडमा ल्याउँदा पावलले अत्यन्त दुःखित भएर यसरी चित्कार गर्दछन् "हाय म कस्तो दुःखी मानिस! मेरो शरीरमा मृत्यु ल्याउने पापबाट मलाई कसले छुटाई देला?" (रोमी ७:२४ रूपान्तरित)। अधर्मी व अपवित्र जीवनबाट छुट्कारा पाउन त्यो चित्कार पावलले गरेका थिए। तर येशूलाई विश्वास गरेपछि त्यो छुट्कारा उहाँबाट नै आउँछ भन्ने आत्मज्ञान उनमा तुरन्तै परेको थियो (रोमी ७:२५)।

मानव जगतलाई चाहिने मूल खबर यही हो। त्यसलाई सुसमाचार भनिन्छ। अति हर्षको खबरचाहिँ यो हो कि पापको धरापमा परेका हामीहरूलाई येशूको धार्मिकता वा उहाँको धार्मिक जीवनले ढाकि दिन सक्छ। व्यवस्थाले गर्ने न्यायबाट हामी भाग्न सक्छौं भन्ने ग्यारेन्टी वा कबूल सुसमाचारले दिन्छ किनभने येशूको सदाशयताले गर्दा व्यवस्थाले माग गरेको धार्मिक जीवन अब जीउन सक्दछौं (रोमी ८:१)।

जब पावलले इसाईहरूलाई रोमीको पत्र लेखेका थिए त्यसबेला सारा रोमी साम्राज्यमा येशूको मृत्युको बारेमा चर्चा गरिरहेको थियो। जो मानिसले येशूको मृत्युको बारेमा सुनेको थियो त्यसबेला उहाँ भयानक र लाजमर्दो मृत्यु सहेर मर्नुभएको थियो भनेर सबैलाई थाहा थियो। आफ्ना प्रिय जनहरूलाई क्रुर रोमी सरकारले क्रुसमा झुन्ड्याएर मार्दा बाँचेकाहरू लज्जित जीवन यापन गर्न बाध्य भएका थिए। तर पावल र अनगिन्ती इसाईहरूले यो बुझेको थियो कि येशूको लज्जास्प्रद मृत्यु मानव इतिहासको अत्यन्त शक्तिशाली घट्ना थियो। त्यसकारण गौरवसाथ पावलले दावी गर्दछन् "सुसमाचारप्रति मलाई लज्जित छैन। यो परमेश्वरको शक्ति हो। सुसमाचारलाई विश्वास गर्ने प्रत्येक मानिसलाई पापबाट स्वतन्त्र गराइ मुक्ति दिलाउ सक्छ (रोमी १:१६ रूपान्तरित)। र सुसमाचारको मुटु नै त्यो महान् प्रतिज्ञा हो जुन् कि हामीहरूको मृत्यु अन्तिम होइन। येशूको अनुग्रहले मोक्ष पाएकाहरू नयाँ पृथ्वीमा सदासर्वदा रहन पाउनेछ।

**मानिस मरेपछि सबै सिद्धिहाल्यो नि भनेर विश्वास गर्ने कतिपय मानिसहरू आफ्नो अनर्थको जीवनप्रति निराश हुन्छन्। हामीले जे गरेपनि अन्तमा त्यसको केही मतलब छैन भनेर त्यस्ता मानिसहरूले दावी गर्दछन्। यस्तो तर्कसँग विवाद गर्नु त्यतिको सजिलो छैन छ त? हो, हामीले गरका सबै कामहरू र हामीहरूको जीवनको प्रभावले अरूको जीवन परिवर्तन भएको छ तर अन्तमा सबैथोक बिलाएर जाने वा बिर्सिदिने हो भने साँच्चिकै यस संसारमा हाम्रो जीवनको अर्थ के छ र?**

**उपसंहार:**

**<u>थप जानकारीको</u>** निम्ति एलेन जी ह्वाइटद्वारा लिखित देहायका सामग्रीहरू पढ्नुहोस्ः *इभान्जलिजम,* पृ.२३१,२३२को "प्रिचिङ्ग द डिस्टिनक्टिभ ट्रुथ", *द फेथ आइ लिभ बाईको* पृ. ८८को "द फेथ दात वर्कस्" र "हाउ फेथ मेड पर्फेक्ट।"

"हामी परमेश्वरको सामु कसरी उभिन सक्छौं र परमेश्वरले हामीलाई दिनुभएको वरदानलाई कुनै हालतमा पनि परिवर्तन गर्न सम्भव छैन भन्ने विषयवस्तु सबैलाई स्पष्टरूपमा जानकारी होस्। यदि आस्था र कामले मुक्तिको वरदानलाई किन्न सकिन्छ भने सृष्टिकर्ताले त्यस मानिसलाई मुक्ति दिन बाध्य हुनेछ। त्यस मानिसप्रति परमेश्वर ऋणी हुनेछ। असत्यलाई सत्य भनेर स्वीकार गर्ने अवसर हामी यहाँ पाउँछौं। यदि मानिसको धर्मकर्मले मुक्ति पाउँछ रे! यदि पाउँछ भने उसले रोमन क्याथोलिक चर्चको अनुयायीले गरेको जस्तै हुन्छ। आफ्नो शरीरलाई अनेक किसिमको कष्ट दिएर क्योथोलिकहरूले आफ्ना पापको क्षमा किन्न खोज्छन्। यदि मुक्तिलाई यसरी उपलब्ध गर्न सकिन्छ भने त्यो मुक्ति कामबाट पाइने ज्याला हुनसक्छ। (त्यसले परमेश्वरलाई साहुको रूपमा चित्रण गर्दछ र हामीहरूचाहिँ मजदुरहरू। अनि साहुले मजदुरहरूको ज्याला दिन वाध्य हुन्छ)। तर यथार्थमा बाइबलको ज्ञान अनुसार मानिसले कुनै पनि असल काम गरेर मुक्ति आर्जन गर्न सक्दैन। त्यसकारण त्यो पूर्ण रूपमा परमेश्वरको सदाशयता र अनुग्रहबाट मात्र उपलब्ध हुन्छ। येशूलाई विश्वास गरेको कारणले नै मानिस आफू पापी हुँ भनेर स्वीकार्दै विश्वासीले उहाँको मुक्तिलाई ग्रहण गर्नुपर्छ। येशूले दिने मुक्ति मुफ्त हो। निःसन्देह, हामीले येशूलाई विश्वास गर्‍यौं भने पूर्ण रूपमा र सित्तैंमा पापको दोषबाट स्वतन्त्र भएको घोषणा गरिन्छ। अनि हामीले अथक प्रयास गरेर वा हामी कति असल छौं भनेर प्रमाणित गरेर मुक्ति पाउने तर्कहरू स्वत अन्त्य हुन्छ। पापमा फसेको मानिसले असल काम गरेर मुक्ति पाउँछ भन्ने संस्कार सदाको निम्ति साम्य हुनेछ। परोकारी वा असल काम गरेर मानिसले कहिलै पनि मोक्ष पाउन सक्दैन।"-एलेन जी ह्वाइट, *फेथ एण्ड वर्कस्*" पृ. १९,२०।

**चिन्तनमनन:**

अ. एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको माथिको उदगारलाई गहिरिएर सोच्नुहोस्। जतिसुकै जघन्य अपराध गर्नेले पनि पाउने अचम्म र आशापूर्ण सत्य त्यस उदगारमा कोरेको पढ्नुहोस्। ती प्रतिज्ञाहरू हाम्रै निम्ति हो भनेर हामीले कसरी दावी गर्ने र त्यसलाई साँच्चिकै विश्वास गरेर हामी कसरी चल्ने?

आ. मोशाको हातबाट परमेश्वरले यहूदी अर्थात् इस्राएलीहरूलाई उहाँको दश आज्ञा दिनुभएको थियो। तर बाइबल नहुनेहरूलाई पनि परमेश्वरले आफ्नो व्यवस्था वा विधिको शासन प्रकट गर्नुभएको थियो भनेर बाइबलले दावी गरेको हामीले हेर्‍यौं। यदि परमेश्वरले सबैसँग बोल्नुहुन्छ भने हामीले सुमाचार प्रचारप्रसार गरेको औचित्य के छ?

इ. येशू ख्रीष्टबाट अनुग्रह र सत्य सुरूभयो भनेर यूहन्ना १:१७ले भन्दछ। त्यही अंशलाई उदृध गरेर धेरै इसाई भनाउँदाहरूले परमेश्वरको व्यवस्था वा दश आज्ञाको औचित्य समाप्त भयो भनेर सिकाउँदछन्। त्यो शिक्षा किन गलत छ? मुक्तिको योजनमा परमेश्वरको चरित्र हामीलाई देखाउँछ भनेर व्यवस्था र अनुग्रह र सत्य संगसंगै काम गरेर कसरी देखाउँछ?

ई. रूसको प्रख्यात लेखक फियोदर डोस्टोइभस्कीले एक पात्रलाई आविश्कार गरेको थियो। त्यस पात्रबाट धेरै जसो मानिसहरूले किन आत्महत्या गर्दैन भनेर पत्ता लगाउन खोजेको थियो। त्यस लेखक नास्तिक थियो। कष्टमय जीवन बिताएर मानिसहरू किन अनर्थमा बाँच्दछन् भन्ने कुरालाई उसले बुझ्न सकेको थिएन। उसको तर्कको बारेमा चिन्तन गर्नुहोस्। यस अध्यायमा तपाईंले के सिक्नुभयो जसले गर्दा यस कष्टमय र सास्तीमय संसारमा आशावादी भएर जीउन सक्षम् हुनसक्नुहुन्छ?